पोखरा उपत्यका साइडसिन घुम्न जाऔँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २७ गते मंगलबार ❑ 11 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गुनासोको सही व्यवस्थापन सुशासनको महत्वपूर्ण पक्ष

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा सोमबार पोखरामा आयोजित 'हेलो सरकार पोर्टल सञ्चालन तथा हेले सरकार गुनासो व्यवस्थापनसम्बन्धी प्रदेशस्तरीय गोष्ठी'मा गुनासोको सही व्यवस्थापन सुशासनको महत्वपूर्ण पक्ष भएकामा जोड दिइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश र जिल्ला प्रशासन कार्यालय कास्कीको सहकार्यमा सञ्चालित कार्यक्रममा वक्ताहरूले सार्वजनिक सेवा प्रवाहमा गुनासो आउनु स्वभाविक भए पनि समयमा नै त्यसको व्यवस्थापन गर्न जरूरी रहेकामा जोड दिए।

गण्डकी प्रदेशका प्रमुख सचिव रघुराम बिष्टले सेवा प्रवाहका क्रममा आउने साना गुनासो पनि सम्बोधन नगर्दा त्यसले ठूलो अपजस ल्याउने बताउनुभयो। सेवा प्रवाह गर्दा कर्मचारीले गुनासो नै नआउने गरी काम गर्नेतर्फ लक्षित हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले गुनासो आएमा पनि त्यसलाई प्राथमिकताका साथ सम्बोधन गर्ने गरी लाग्नुपर्ने बताउनुभयो। गुनासोका नाममा उजुरीका लागि उजुरी गर्ने प्रवृत्ति भने गलत रहेको बिष्टको भनाइ थियो। कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले सेवा प्रवाहका क्रममा आउने गुनासालाई समयमै सम्बोधन गर्नेतर्फ लाग्नुपर्ने बताउनुभयो। एउटै प्रकृतिका गुनासा ठाउँठाउँबाट आउने क्रमलाई व्यवस्थित गर्दै एकै ठाउँबाट आउने व्यवस्था मिलाउनु आवश्यक रहेको उहाँको भनाइ छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव प्रेमशरण श्रेष्ठले हेलो सरकारलाई प्रभावकारी बनाउँदै जनगुनासालाई सही ढङ्गबाट समाधान गर्ने लक्ष्य राखिएको बताउनुभयो। गुनासो व्यवस्थापनलाई कार्यसम्पादनसँग जोड्न आवश्यक रहेको बताउँदै उहाँले गुनासो व्यवस्थापनमा एउटै प्रणाली प्रयोग हुनुपर्ने बताउनुभयो। कार्यक्रममा सोही कार्यालयका उपसचिव कलाकुमारी गैरे, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशका उपसचिव प्रविण ढकालगायतले गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन भइरहेका प्रयासलगायत विषयमा धारणा राख्नुभएको थियो।

## पोखराको ऐतिहासिक श्री गण्डकी कोटिहोम सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



पर्यटनको राजधानी पोखरामा आउदो वैशाखदेखि हुने भनिएको श्री गण्डकी कोटिहोम सञ्चालन हुने भएको छ भने कोटिहोम सञ्चालन गर्न नदिने निर्णयबाट पोखरा महानगरपालिका पछि हटेको छ।

सोमबार पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यकाको आह्वानमा बैठक बसी कोटिहोम सञ्चालन गर्न दिने निर्णय गरेको पोखरा महानगरपालिकाका प्रवक्ता मातीराम तिम्सिनाले बताउनु भयो। बैठकमा जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा निकायका प्रतिनिधीहरु, वडा अध्यक्षहरु कार्यपालिकाको सदस्यहरु, विश्व हिन्दु महासंघका प्रतिनिधी,कोटिहोम महायज्ञको आयोजक मानव सेवा फाउण्डेसन नेपालका प्रतिनिधी लगायतको उपस्थितीमा कोटिहोम महायज्ञ पोखराको बाराहीघाटको विकल्पमा पोखराको कुनै उचित स्थानमा आयोजना गर्ने भएको छलफलमा सहभागि शंकर खरालले बताउनुभयो।

सोमबारको बैठकले पोखरामा हुँन लागेको उक्त कोटिहोम महायज्ञ सबै मिलेर सफल पार्ने निर्णय भएको महायज्ञका संकल्पकर्ता वालयोगेश्वर विजय श्री कृष्ण मूर्ती जी महाराजले बताउनुभयो। त्यस्तै मंगलबार बिहान पोखरा महानगरपालिकाको ४३ औं कार्यापालिकाको बैठक बसी ५ सदस्यिय विबाद समाधान समिति गठन गरेर उक्त समितिले कुन ठाउँमा के गर्दा उपयुक्त हुन्छ भन्ने बारे निष्कर्ष निकाल्ने सहमती भएको प्रवक्ता तिम्सिनाले बताउनुभयो। पोखरा महानगरबाट २, महायज्ञ आयोजक फाउण्डेसनका २ र एक जना जिल्ला प्रशासन कार्यालय कास्कीबाट एक जना प्रतिनिधि सहित ५ जनाको बिबाद टुंगाउने गरी छलफल गर्ने भएको बताइन्छ।

## नेपाल फोटो पत्रकार संघ कास्कीमा राम गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीमा अध्यक्षमा राम गुरुङ निर्वाचित भएका छन्। पोखरामा भएको संघको नवौं अधिवेशनबाट अग्रज फोटो पत्रकार गुरुङको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो।

संघको उपाध्यक्षमा राधिका कँडेल, सचिवमा धनबहादुर गुरुङ, कोषाध्यक्षमा युनिश गुरुङ र सदस्यहरुमा संजय शाक्य, गिरीधारी पोखरेल र प्रवेश पोखरेल निर्वाचित भएका हुन्। रिक्त रहेको सहसचिव र ३ सदस्यहरु कार्य समितिले पछि मनोनित गर्ने निर्वाचन समितिका संयोजक कृष्णमणि बरालले जानकारी दिए। अधिवेशनको नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले उद्घाटन गरेका थिए। कार्यक्रमा अध्यक्ष पौडेलले समामार लेख्ने भन्दा फोटो पत्रकार फ्रन्ट लाइनमा बसेर काम गर्नुपर्ने हुँदा धेरै चूनौति सामना गर्नुपर्ने बताए। समाचारका लागि अति आवश्यक फोटो खिच्ने पत्रकारहरु एकजुट हुन आवश्यक रहेको उनको भनाइ थियो। 'समाचारका लागि फोटो अति आवश्यक चिज हो। अर्को अर्थमा भन्नुपर्दा समाचार आज लेख्यो भोली पुरानो हुन सक्छ तर फोटो कहिल्यै पुरानो हुँदैन्,' उनले भने, 'समचारको महत्वपूर्ण पाटो फोटो खिच्ने पत्रकारहरु एकजुन हुनु आवश्यक छ र रहिरहनेछ।' कास्कीका फोटो पत्रकारहरुले सिर्जनात्मक काम गर्नुपर्नेमा उनको जोड थियो। फोटो पत्रकारका हरेक गतिविधिमा पत्रकार महासंघको सदैव साथ र सहयोग रहने उनले प्रतिवद्धता जनाए। नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मीले समाचारमा फोटोको महत्व जति छ त्यो भन्दा बढि फोटो पत्रकारको महत्व रहेको बताए। फोटो बिना समाचार र पत्रकार अपुरो हुने भएकाले आगामी दिनमा पत्रकार महासंघ र नेपाल फोटो पत्रकार संघ सहकार्य गर्दै अघि बढ्नुपर्नेमा उनको जोड थियो। नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य राधिका कँडेलले कास्कीका फोटो पत्रकारहरु एकजुट हुनुपर्नेमा जोड दिइन्। केन्द्रमा भएको फोटो पत्रकार संघ टुटफुट भएपनि कास्कीबाट एकजुटको सन्देश दिनुपर्ने उनले बताइन्।

कार्यक्रममा संघका संस्थापक अध्यक्ष घनश्याम पौडेलले २०६२/०६३ को जनआन्दोलनको समयमा एकजुट भएका फोटो पत्रकारहरुको संस्थाले विभिन्न समयमा फोटो प्रदर्शनीलगायत अन्य रचनात्मक कार्यक्रम गर्दै आएको बताए। आगामी दिनमा पनि अझै क्रियाशिल भएर लाग्न उनको सुझाव थियो। संघका निवर्तमान अध्यक्ष दुर्गाप्रसाद पौडेलले २०६२/०६३ को जनआन्दोलन क्रममा तस्विर खिच्ने क्रममा बिभिन्न समस्या भोग्नु परेपछि आन्दोलनकै दौरानमा स्थापना भएको संस्था अहिलेको अवस्थामा आईपुगेको बताए। २०५३ सालमा काठमाण्डौंमा खोलिएका राष्ट्रिय फोटो पत्रकार समूह नेपालको शाखाका रुपमा स्थापित संस्था केन्द्रमा गुटबन्दीमा परी टुटफुट भएको अवस्थामा कास्की एक भएर अघि बढिरहेको उनले सुनाए। संघले राजनीति बाहेक, पर्यटन प्रवर्द्धन र वातावरण संरक्षण तथा जनचेतनामूलक फोटो प्रदर्शनी गरिरहेको जानकारी दिए। पूर्वअध्यक्ष ईन्द्रप्रसाद पौडेलले केन्द्रमा केन्द्रले २०७४ सालमा गरेको भद्र सहमति र निर्णय लत्याएपनि कास्कीमा केन्द्रकै निर्णय अनुसार दर्ता गरिएको नेपाल फोटो पत्रकार संघ कास्की विना कुनै गुटबन्दी अहिलेसम्म चलिरहेको जानकारी दिए। वि.सं की २०७४ सालमा दर्ता भएको नेपाल फोटो

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मुद्रास्फीति चार दशमलव १६ प्रतिशत

**रासस**
काठमाडौं, २६ फागुन

चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव १६ प्रतिशत रहेको छ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मुद्रास्फीति वाञ्छित सीमाभित्रै देखिएको हो। राष्ट्र बैंकका अनुसार गत माघ महिनामा खाद्य तथा पेयपदार्थको मुद्रास्फीति चार दशमलव ९५ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ७४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मुद्रास्फीति क्रमशः छ दशमलव ५९ प्रतिशत र तीन दशमलव ९८ प्रतिशत रहेको थियो। खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क सबैभन्दा धेरै १२ दशमलव ८० प्रतिशत देखिएको छ। त्यस्तै, दाल तथा गेडागुडीको नौ दशमलव ०६ प्रतिशत, तरकारीको सात दशमलव ५६ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको छ दशमलव ३६ प्रतिशतले बढेको छ। मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क भने दुई दशमलव ९८ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ। गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप-समूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १० दशमलव ९१ प्रतिशतले बढेको छ।

## सराङकोट धाममा महाआरती सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन




पोखराको सराङ्कोट धाममा सोमबारदेखि महाआरती पूजा सुरु भएको छ।

सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्र बिकास समितीले निमार्ण गरेको सराङ्कोट धाममा हरेक सोमबार महाआरती पूजा विधि पूर्वक हुन सुरु भएको समितिका बरिष्ठ उपाध्यक्ष कृष्ण बहादुर थापाले बताउनु भयो।

सराङ्कोट धाममा धार्मिक पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यले हरेक सोमबार महाआरती हुने गरी महायज्ञ पछि पहिलो सोमबार बाट महाआरती सुरु भएको उहाँले बताउनु भयो। हरेक हप्ताको सोमबार साँझ ५.३० बजे देखि ३० मिनेटसम्म आरती पुजा हुने बरिष्ठ उपाध्यक्ष थापाले बताउनु भयो।

यसैबिच, महाआरती पूजालाई सफल पार्न अन्नपूर्ण केबुलकार प्रा.लि.ले बिषेश सहुलियतमा महाआरतीमा जाने भक्तजन तथा पर्यटकहरुको लागि बिषेश छुटमा केवलकारको प्याकेज ल्याएको छ।

महाआरतीमा आउने भक्तजनहरुको लागि २ सय ५० रुपैया मै केवलकारको सुविधा हुने अन्नपूर्ण केबुलकारका महाप्रवन्धक दिनेश पौडेलले बताउनु भयो। समितिले सुरु गरेको सोमबारे महाआरतीलाई भव्य रुपमा सफल पार्न आफुहरुले सोमबार दिउँसो ४:३० बजे देखि साँझ ६:३० बजेसम्म यात्रा गर्ने भक्तजनहरुलाई उक्त बिषेश छुट उपलब्ध गराउने उहाँले बताउनु भयो। अन्य व्यक्तिहरुको लागि भने केवलकारको शुल्क ७ सय रुपैया रहेको छ। पोखराको लेकसाइडबाटकम्पनीलेनिःशुल्क सटल बस सेवा संचालन गर्दै आएको पौडेलले जनाउनु भयो। सराङ्कोट क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धन सहित धार्मिक एवं पर्यटकीय गन्तव्यहरु निर्माण गर्ने उद्धेश्यले हालै आयोजना भएको महायज्ञबाट ३ करोड रुपैया आर्थिक संकलन भएको समितिका अध्यक्ष प्रेम बहादुर जिसिले बताउनु भयो। सराङ्कोटमा निर्माण भएका करिब ३५ करोडका संरचनाको राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन समेत गर्नु भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रभावकारी सेवा प्रदान गर्दै पोखराको सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पूर्वाधार र व्यवस्थापन अभावमा लामो समयदेखि अस्तव्यस्त बनेको पोखराको सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सुधार र सेवा विस्तारसँगै पछिल्लो समय सेवाग्राहीको चाप बढ्दै गएको छ।

पुरानो भवन मर्मतसम्भारसहित आवश्यक संरचना थपेर नयाँ व्यवस्थापनका साथ सेवा दिइएको केन्द्रका प्रमुख कुश्मराज सुवेदीले बताउनुभयो।

दैनिक सरदर तीन सय बिरामी आउने उक्त केन्द्रमा जनशक्ति र उपकरण पनि थप गरी सेवालाई प्रभावकारी बनाइएको उहाँको भनाइ छ। पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाअन्तर्गत विसं २०७५ पुसमा स्थापना भएको उक्त केन्द्रमा जनशक्ति र उपकरणको अभाव रहँदै आएको थियो। यसअघि प्रयोगशाला र भान्छा एउटै कोठाबाट सञ्चालन हुँदै आएकामा अहिले त्यसलाई छुट्टाछुट्टै कोठाबाट सञ्चालन गरिएको उहाँले बताउनुभयो।

महानगरअन्तर्गतका स्वास्थ्य संस्थामध्ये सबैभन्दा बढी बिरामी आउने उक्त केन्द्रलाई सुविधासम्पन्न बनाउन पहल




भइरहेको प्रमुख सुवेदीले बताउनुभयो। "प्रयोगशाला सेवा अनलाइनप्रणालीबाट सञ्चालनमा आइसकेको छ, भिडियो एक्सरेका लागि उपकरण ल्याउने प्रक्रिया अगाडि बढेको छ", उहाँले भन्नुभयो, "भौतिक पूर्वाधारसहित जनशक्ति र स्रोतको व्यवस्थापन गर्न सकेमा यो केन्द्रलाई पोखरा महानगरपालिकाकै सुविधासम्पन्न स्वास्थ्य संस्था बनाउन सकिन्छ।" केन्द्रले प्रयोगशाला परीक्षणको 'रिपार्ट' अनलाइन प्रणालीबाट घरमै हेर्न सकिने सुविधा दिएको छ। "क्यूआरबाट प्रयोगशालाको रिपोर्ट मोबाइलमै हेर्न सकिन्छ", प्रमुख सुवेदीले भन्नुभयो, "अहिले इसिजी जाँच सेवा पनि थप गरिएको छ, थाइराइडका जाँचका लागि उपकरणको खाँचो छ।" बहिरङ्ग सेवा, मनोसामाजिक परामर्शलगायत सेवालाई थप व्यवस्थित बनाउन लागिएको उहाँको भनाइ छ। पोखरा महानगरपालिका-८ नयाँबजारमा रहेको उक्त केन्द्र पहिले दमकलको कार्यालय रहेको पुरानो भवनबाट सञ्चालित छ। केही समय अघिसम्म अस्तव्यस्त देखिने उक्त केन्द्रमा गत मङ्सिरदेखि पूर्वाधार व्यवस्थापन र सेवाको गुणस्तर सुधारको काम सुरु गरिएको हो। घेराबार नहुँदा केन्द्रको भवन परिसर सवारीसाधन पार्किङ गर्ने, दुर्व्यसनमा फसेका युवाहरु सुत्ने स्थलका रुपमा प्रयोग हुँदै आएकामा अहिले पर्खाल र प्रवेशद्वारा निर्माण गरिएको छ। स्वास्थ्य उपकरण र जनशक्ति थपका लागि महानगर र प्रदेश सरकारसँग पहल भइरहेको प्रमुख सुवेदीले बताउनुभयो।

बिरामीको चापअनुसार केन्द्रमा चिकित्सक र स्वास्थ्यकर्मीको संख्या अपुग रहेको छ। १५ जनाको दरबन्दी रहेको उक्त केन्द्रमा दुई जना मेडिकल अधिकृतसहित स्वास्थ्यकर्मी र प्राविधिक सेवारत छन्। दरबन्दी अनुसार एक जना जनस्वास्थ्य अधिकृत, फर्मासिस्ट र कविराजको अझै पदपूर्ती हुन नसकेको प्रमुख सुवेदीले बताउनुभयो। उपकरण नहुँदा कतिपय बिरामीलाई अन्यत्रका अस्पतालमा रिफर गर्नुपर्ने बाध्यता रहेको छ। केन्द्रमा सबैभन्दा बढी नसर्ने रोगका बिरामीहरु आउने गरेका छन्। बीमासँगै निःशुल्क स्वास्थ्य कार्यक्रम सञ्चालन भइरहेकाले केन्द्रमा सेवा लिन आउने बिरामीको जाप बढी हुने गरेको छ। केन्द्रमा स्वास्थ्यचौकी तहबाट प्रदान हुने सबै सेवासहित सामान्य सर्जरी, प्रयोगशाला सेवा, सुरक्षित गर्भपतन आदि सेवा उपलब्ध छन्। प्रयोगशालामा हर्मोनलबाहेकका सबै परीक्षण सेवा उपलब्ध रहेको जनाइएको छ। केन्द्रले बहिरङ्ग सेवा, खोप तथा पोषण सेवा, एकीकृत बालरोग व्यवस्थापन, परिवार नियोजन सेवा, सुरक्षित मातृत्वलगायतका सेवा प्रदान गर्दै आएको छ।

# पोखरा महानगरपालिका टि-२० क्रिकेट प्रतियोगिताको उपाधि लेखनाथ यूथ क्रिकेट क्लवलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पोखरा महानगरपालिका दोश्रो अन्तर क्लव पुरुष टि-२० क्रिकेट प्रतियोगिता २०८१ को उपाधि लेखनाथ यूथ क्रिकेट क्लवले जितेको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको आयोजना तथा पोखरा महानगरपालिका क्रिकेट संघको संयोजन तथा व्यवस्थापनमाआयोजितप्रतियोगिताको फाइनलमा माछापुच्छ्रे क्रिकेट क्लवलाई ३० रनले पराजित गर्दै लेखनाथले उपाधि जितेको हो। लेखनाथको ईडेन हेभन क्रिकेट मैदानमा सोमबार उपाधि भिडन्तमा लेखनाथ यूथ क्लवले टस जितेर पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५० रनको योगफल तयार गऱ्यो। लेखनाथका लागि पुष्पेन्द्र झाले ३२ बलमा ३२ रन, दीपक बरालले २३ बलमा २८ रन र मार्सल बरालले १८ बलमा २२ रनको योगदान दिएका थिए। लेखनाथलाई ठूलो स्कोर बनाउन नदिन रितेश बरालले २२ रन खर्चिएर ३ विकेट तथा




धिरज अधिकारीले २५ रन खर्चेर २ विकेट लिएर दवाबमा राखेका थिए। १५१ रनको मध्यम लक्ष्य भेट्टाउन जवाफी ब्याटिङमा उत्रिएको माछापुच्छ्रे क्रिकेट क्लव निर्धारित २० ओभरमा ७ विकेट गुमाएर केवल १२० रनमा सिमित भएपछि उपबिजेतमा चित्त बुझाउन बाध्य भयो। माछापुच्छ्रेका आशिष न्यौपानेले २७ बलमा २३ रन र पूर्णबहादुर जिटीले १५ बलमा २२ रन बनाएपनि अन्य ब्याटर चल्न सकेनन्। फाईनल खेलमा माछापुच्छ्रेलाई कम रनमा समेट्न लेखनाथका मार्सल बरालले १४ रन खर्चेर २ विकेट हत्याएका थिए। सोमबारको फाइनल खेलको प्लेयर अफ दी म्याच मार्सल बराल बने। प्रतियोगिताको बेष्ट प्लेयर अफ द टुर्नामेन्ट उपाधि बिजेता टिम लेखनाथ यूथ क्लवका दीपक बराल बने। त्यस्तै, माछापुच्छ्रे क्रिकेट क्लवका प्रमोद बास्तोला बेष्ट बलर तथा कास्की क्रिकेट क्लवका आदीत्य थापा बेष्ट ब्याट्स म्यान घोषित भए।

उपाधि बिजेता तथा विभिन्न विधामा उत्कृष्ट भएकाहरुलाई पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुन, सदस्य अभिनय श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए।

# वडा नं. २६ को सिलिङ्गेमा ४० फिट अग्लो शिवलिङ्गको शिलन्यास

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पोखरा महानगरपालिका वडा नं. २६ को सिलिङ्गेमा ४० फिट अग्लो शिव लिङ्गको निर्माण हुने भएको छ।

शिवलिङ्गको सोमबार एक कार्यक्रमका विच पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाले शिलन्यास गर्नु भयो। शिलन्यास कार्यक्रममा बोल्दै वडा अध्यक्ष थापाले जटा शंकर धार्मिक विकास समिति मार्फत नौ करोड रुपैयाको डिपिआर तयार गरी निर्माण कार्य अगाडी बढाईएको बताउनु भयो। अध्यक्ष थापाले नौ करोडको लागतमा सवै काम सम्पन्न भए सिलिङ्गे धार्मिक पर्यटनको एक व्यवस्थित नयाँ गन्तव्य बन्ने बताउनु भयो।

उहाँले केही समय देखी कोटीहोम विवादले पोखराको धार्मिक वातावरण विग्रेको उल्लेख



गर्दै, संवादबाट सवै समस्याको हल निकाल्न आग्रह गर्नु भयो। उहाँले कोटीहोमका नाउँमा हिन्दु धर्मका अनुयायीहरुलाई विभाजित बनाउने काम भैरहेको उल्लेख गर्दै, होम, यज्ञ, यज्ञादीले सवैलाई समेट्नु पर्ने बताउनु भयो। उहाँले हिन्दुधर्मका अनुयायी एकथरिलाई धार्मिक अर्को थरीलाई जवरजस्ती धर्म विरोधी हो की भन्ने ट्याग लगाउने कोसिस गरिएको बताउनु भयो। उहाँले कोटीहोम भन्नासाथ योगी नरहरिनाथको स्मरण गर्दै, उहाँले देखाएको वा परिकल्पना गरेको कोटीहोम जस्तो हुनु पर्नेमा जोड दिनु भयो। धार्मिक कार्य रड, लाठी, खुकुरी र खुँडा एवं बाउन्सर राखेर नहुने उल्लेख गदै, अध्यक्ष थापाले, श्रद्धालु भक्तजनले पुष्पबृष्टी गरेर शुरुवात गर्नु पर्नेमा परिस्थिति मुठभेड तर्फ उन्मुख गराउने चेष्टा गरिएको बताउनु भयो। महानगरको आदेश पालना गर्न गएका नगरप्रहरी माथि घातक बस्तु प्रहार गरि घाईते बनाईयो उहाँले भन्नु भयो– "महिला प्रहरीलाई समेत छाडिएन, यि सवै घट्ना भैरहँदा म कार्यपालिकाको सदस्य हुनुको नाताले भिडलाई तितरवितर पारेर उनिहरुको रक्षा गरेको हो।" कार्यक्रममा सर्वोच्च अदालतका पूर्व न्यायाधिस डा. आनन्द मोहन भट्टराईले आफ्नो निवित्त जीवन समाजका लागि कहाँनेर प्रयोग हुन्छ, त्यसका लागि प्रयोग गर्न सुझाव दिनु भयो।

उहाँले स्थानीय सरकारले धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षणमा ध्यान दिनु पर्नेमा जोड दिदै, डिपिआर अनुसारको कार्य अगाडी बढाउन सवैको सहयोग र साथको आवश्यकता पर्ने औल्याउनु भयो। शिक्षाविद् रवि प्रसाद बरालले मन र मस्तिष्कको समिश्रणनै आध्यात्म भएकाले दुवैको सन्तुलनबाट धार्मिक कार्यलाई अगाडी बढाउन जोड दिनु भयो। उहाँले धार्मिक कार्यहरु व्यापारका लागि गर्न नहुनेमा जोड दिनु भयो। जटाशंकर धार्मिक विकास समितिका अध्यक्ष युवा पण्डित रामप्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय समाजसेवी हरिप्रसाद अधिकारी, चन्द्रबहादुर रानाभाट, संस्थाका बरिष्ठ उपाध्यक्ष एवं पोखरा महानगरपालिका वडा नं २६ का वडा सदस्य तिथबहादुर राजभाट लगायतले जटाशंकर धार्मिक विकास समिति र त्यसका गतिविधिका बारेमा बोल्नु भएको थियो। एक करोड २० लाखको लागतमा निर्माण हुने योजनाका लागि चालु बर्षमा वडा मार्फत महानगरले ५० लाख रुपैया विनियोजन गरेको छ। कार्यक्रममा स्थानीय भक्तजनको व्यापक सहभागिता रहेको थियो।

# मातृशिशु अस्पतालका ब्यबस्थापन समितिका पदाधिकारीहरूको पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

गण्डकी प्रदेश सरकार अन्तर्गत पोखरा महानगरपालिका वडा १६ मा संचालित मातृशिशु मितेरी प्रादेशिक अस्पताल ब्यबस्थापन समितिका नबनियुक्त पदाधिकारीहरूको पदस्थापन सोमबार सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकारको प्रादेशिक अस्पताल गठन आदेश २०८० मा ब्यबस्था भए अनुसार जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल अध्यक्ष रहने ब्यबस्था अनुसार अध्यक्ष पौडेल सहित समितिका सदस्यहरूको पदस्थापन गरिएको हो। ब्यबस्था अनुसार सम्बन्धित स्थानिय तह प्रमुख पोखरा महानगरपाकिका प्रमुख धनराज आचार्य, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधि, सदस्य र अस्पतालका ब्यबस्थापन समितिका सदस्य सचिब सोहि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रहने ब्यबस्था छ। कार्यक्रममा गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठकले पदस्थापन गराउनु भएको हो। सो अबशरमा मन्त्री पाठकले राजनितीमा प्रतिस्पर्धा बिकासमा सहभागिताको अबधारणामा काम गर्न सबै पक्षलाई आभान गर्नु भयो। मन्त्री पाठकले स्वास्थ्य सेवालाई प्रभाबकारी बनाउन गण्डकी प्रदेश सरकार संचालित अस्पतालहरूको स्तरोन्नति सहित हर पक्षबाट सबल र सक्षम बनाउन प्रदेश सरकार प्राथमिकताका सहित निति कार्यक्रम निर्माणमा लागेको बताउनुभयो। उहाले प्रदेशमा बिशिष्टिकृत सेवा सहितका अस्पतालको निर्माणमा सरकार लाग्ने उल्लेख गर्दै स्वास्थ्य सेवा सहज र सरल बनाउदै आम जनताको पहुँचमा रहने सेवाहरूको प्रबाहमा ध्यान पुर्याउन सबैको ध्यानाकर्षण गराउनुभयो। अस्पताल ब्यबस्थापन समितिका नबनियुक्त अध्यक्ष लिलाधर पौडेलले अस्पताललाई समुन्नत र सेवाहरूको सबलिकरणामा




सबै निकायहरूको सहयोग र समन्वयमा आफ्नो समिति दत्तचित्त भएर लागि पर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। अध्यक्ष पौडेलले गण्डकी प्रदेश सरकारले परिकल्पना गरेको स्वस्थ गण्डकीबासी, समृद्ध गण्डकी निर्माणको अभियानलाई सार्थक बनाउन सबै क्षेत्र र समुदाय लागि पर्न आग्रह गर्नुभयो। पोखरा महानगर प्रमुख धनराज आचार्यले जनशक्ति सहित अन्य भौतिक र प्राबिधिक बिकासमा महानगर कटिबद्धता सहित लागी पर्ने उल्लेख गर्नुभयो। सो अबसरमा अस्पतालका पूर्ब अध्यक्ष समेत रहनुभएका पोखराका पूर्ब मेयर तथा गण्डकी प्रदेश सभा पूर्ब सदस्य कृष्ण थापा गण्डकी प्रदेशका स्वास्थ्य सचिब डाक्टर बिश्वबन्धु बगाले, अस्पताल ब्यबस्थापन समितिका पूर्ब अध्यक्ष अध्यक्ष उषा बरूवाल, अस्पतालका ब्यबस्थापन समितिका सदस्य सचिब मेडिकल सुपरिटेन्डेन्ट डाक्टर धर्मदेब ढकाल सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो। सो अबसरमा अस्पताल ब्यबस्थापन समितिका निबर्तमान समितिका पदाधिकारीहरूको बिदाइ समेत गरिएको थियो। कार्यक्रम सो अस्पताल ब्यबस्थापन समितिका निबर्तमान अध्यक्ष धर्मराज थापाको अध्यक्षतामा सम्पन्न भएको थियो।

# नेपाल फोटो...

पत्रकार संघ, कास्कीको पहिलो नेतृत्व आफैले गरेको उनले सुनाए। त्यसपछिका अध्यक्षहरुले पनि संस्थालाई जोगाएर विभिन्न कार्यक्रम गरिरहेको उनले बताए।

फोटो पत्रकारहरुको अर्को संस्था फोटो पत्रकार महासंघ, नेपाल कास्की शाखाले फोटो पत्रकारहरु एकजुट हुनुपर्ने सन्देशसहित आफूहरुको संस्था नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीमा गाभिएको घोषणा गरेको छ। २०६७ सालमा कास्कीमा स्थापना भएको फोटो पत्रकार महासंघ, नेपाल कास्की शाखाका अध्यक्ष एकराज गिरीले आफ्नो संस्था एनपिजए कास्कीमा गाम्ने घोषणा गरेका हुन्। 'यति सानो शहरमा फोटो पत्रकारहरुको संस्था किन धेरै बनाउनु छ र?,' अध्यक्ष गिरीले भने, 'अहिलेको अवस्थामा पोखरामा क्रियाशिल फोटो पत्रकारहरु एक भएको सन्देश दिन जरुरी छ। आजैका दिन देखि म अध्यक्ष रहेको संस्थालाई एनपिजए कास्कीमा समाहित गरिएको जानकारी गराउँछु।'

## नैतिक आचरणको पालना गरौं

- ◆ झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- ◆ आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- ◆ असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- ◆ कानुन र विधिको पालना गरौं,
- ◆ भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । – विदुरनीति

**सम्पादकीय**

# आश्वासन पूरा गर

भूमि क्षेत्रका समस्या समाधान गर्ने हरेक सरकारको आश्वासन मात्र भएको छ । भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या हल हुने भन्दा थपिँदै गएको छ । जस्को सरकार बनेपनि भूमि समस्या हल गर्ने वाचा हुन्छ । ती बाचा अनुरुपको कार्ययोजना छैनन् । भूमिसुधार मन्त्रीको भनाइमा भरपर्दो योजना छैनन् । फेरि पनि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले अबको तीन वर्षभित्र भूमिहीन, सुकुम्वासी, अव्यवस्थित बसोवास र भूमि क्षेत्रका तमाम समस्या समाधान भएर जाने वाचा छ ।

संघ, प्रदेश र स्थानीय तहको भूमि समस्या समाधानका लागि सातवटै प्रदेशका भूमिमन्त्री रहेको विषयगत समितिको तेस्रो बैठकमा मन्त्री अधिकारीले संघीय सरकार, सातवटै प्रदेश सरकार, राष्ट्रिय भूमि समस्या समाधान आयोग र मातहतका निकाय हालसम्म देखिएका भूमिसँग सम्बन्धित सबै समस्या समाधान गर्न दत्तचित्त भएर लागेको दावी गरे । नेपाली उखान ढाँटको निम्तो खाइ पत्याउनु भनेजस्तै भूमिसुधार मन्त्रीको काम गराइमा भरपर्छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणको क्षेत्रमा तीन तहबीच कानुनी एकरूपता ल्याउने, सेवालाई प्रविधियुक्त तुल्याउने, सहकारीका विशेष समस्या समाधानको रणनीतिक खाका पारित गर्ने काम बैठकले गरेको छ । मन्त्रालय सम्हालेपछि अधिकार हस्तान्तरण गर्न अग्रसरता देखाएको मन्त्री अधिकारीको भनाइ छ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले संघमा भूमिसम्बन्धी धेरै अधिकार केन्द्रीकृत भएको भन्दै कानुन बनाएर प्रदेशमा हस्तान्तरण गर्न आग्रह गरिरहेका छन।यो सातै प्रदेशको समान भोगाइ हो । प्रदेश सरकारले आफ्ना संरचना बनाउन समेत संघीय सरकार गुहार्नुपर्ने अवस्थामा प्रदेश सरकारबाट धेरै आश गर्नुपर्ने ठाउँ छैन ।

राष्ट्रिय भूमि समस्या समाधान आयोगका कामको रेखदेख र प्रभावकारी अनुगमनका लागि सातवटा प्रदेशका भूमि व्यवस्थामन्त्रीको संयोजकत्वमा ५/५ सदस्यीय समिति बनाउने निर्णय गरिएको छ । संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्धको एक महत्त्वपूर्ण संरचना विषयगत समितिको विराटनगरमा भएको तेस्रो बैठकले गरेको निर्णय आशावादी बनाउँछ ।

बैठकमा संघ प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार कार्यान्वयन गर्न संघीय भूमि ऐनको समयसापेक्ष संशोधन गर्न आवश्यक छ। भूमिको वर्गीकरण, भू-उपयोग योजनाको निर्माण सार्वजनिक जग्गाको व्यवस्थापनका लागि संघ र प्रदेशबीच तालमेल गरेर काम गर्ने निर्णय मात्र नहोस् । अब आश्वासन होइन कार्यान्वयन भए विश्वास गर्ने आधार बन्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लेकसिटी कलेजमा स्पोर्टमिट सुरु

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

लेकसिटी कलेज एण्ड रिसर्च सेन्टर गैहपाटनमा सोमबारदेखि खेदकूद प्रतियोगिता शुरु भएको छ ।

तीन दिनसम्म आयोजना हुने प्रतियोगितामा लेकसिटीमा अध्ययनरत विधार्थीहरुवीच विभिन्न खेलमा प्रतिष्पर्धा हुनेछ । प्रतियोगितामा टेवल टेनिस, बास्केटबल र फुटसल खेल समावेश गरिएको कलेजले जानकारी दिएको छ। जसअन्तर्गत छात्र र छात्राहरुको भिन्दा भिन्दै खेलहरु हुनेछ । उनीहरुले प्रतियोगितामा एकल, जोडी र समूहमा प्रतिष्पर्धा गर्नेछन् । सोमबार कलेज परिसरमा बास्केटबल र टेवलटेनिस प्रतियोगिताका प्रारम्भिक चरणका खेलहरु आयोजना गरिएको छ । छात्र तथा छात्रा बास्केटबल र टेवलटेनिस प्रतियोगितामा विधार्थीहरुको उत्साहजनक सहभागिता रहेको थियो । मंगलबार फुटसल खेल आयोजना हुनेछ । बास्केटबल र टेवलटेनिसका सेमिफाइन र फाइन खेल पनि दोस्रो दिन आयोजना गरिने बताइएको छ । सो अवसरमा क्याम्पस



प्रमूख नारायण श्रेष्ठ, सहायक क्याम्पस प्रमूख शोभाकान्त सिग्देल, शिक्षकहरु र विधार्थीहरुले सहभागी खेलाडीलाई हौसला प्रदान गरेका थिए । कलेजका शिक्षक तथा प्रतियोगिता संयोजक सुशन थापाले खेलहरु संचालन गरेका हुन् । वार्षिक कार्यक्रम अन्तर्गत खेलकूद प्रतियोगिता आयोजना गरिएको क्याम्पस प्रमूख श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा विधार्थीको सहभागिता उत्साहजनक रहेकोले आगामी वर्ष पनि यस्ता कार्यक्रमलाई कलेजले निरन्तरता दिने उनको भनाइ छ।प्रतियोगितामा विजयी विधार्थीहरुलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिन्छ । खेलकूदको माध्यमबाट विधार्थीहरुवीच आपसी मित्रता अभिवृद्धि गराउने उद्देश्य प्रतियोगिता आयोजना गरिएको संयोजक थापाले बताएका छन् ।

कलेजले शैक्षिक गतिविधिका अलावा अध्ययनरत विधार्थीहरुलाई सहभागी गराएर विभिन्न कार्यक्रमहरु वार्षिक रुपमा गर्दै आइरहेको जनाएको छ । रक्तदान, वृक्षरोपण, शैक्षिक भ्रमण तथा अवलोकन जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ । लेकसिटीमा रहेको सामाजिक विज्ञान केन्द्रले मौलिक प्रस्तुतिका रुपमा हरेक महिना कचहरी कार्यक्रम गर्दै आएको छ ।

त्रिविबाट सम्बन्धन प्राप्त यो कलेज २०६४ मा स्थापना गरिएको हो । कलेजमा स्नातक तहअन्तर्गत बिबिएस, बिएएसडब्लु (समाजसेवा) र बिएमा समाजशास्त्र, पत्रकारिता तथा आमसञ्चार र अंग्रेजी साहित्य पठनपाठन हुन्छ । हाल कलेजमा ३ सय ५० विद्यार्थी छन् ।

# सिद्धबाबा मन्दिर र थाप्ले टाइगर हिलको प्रवर्द्धनमा हाइकर्स क्लब

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

पोखरा महानगरपालिका वडा नं. २२ उल्लेरी गाउँको थाप्लोमा रहेको थाप्लेडाँडाको अहिले नयाँ परिचय थाप्ले टाइगर हिल भएको छ ।

हरेक महिनाको अन्तिम शनिबार हाइकर्स क्लब नेपालको आयोजनामा स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हुँदै आएको हाइकिङको ५६ औं श्रृङ्खलामा सोही थाप्ले टाइगर हिल र ४ सय वर्ष पुरानो सिद्ध बाबा मन्दिरको प्रवर्द्धन गर्न एक दिने हाइकिङ कार्यक्रमको आयोजना गरिएको हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटले वताए ।

उल्लेरी गाउँका वस्तुभाउ विरामी हुने, चरनमा गएका हराउने भए पछि ४०० वर्ष अगाडि सिद्ध बाबाको मन्दिर स्थापना गरी पुजा गर्न थाले पछि सबै समस्या निराकरण भएको गाउँका अगुवा थाप्ले टाइगर हिल व्यवस्थापन समितिका अध्यक्ष मानसिं गुरुङले वताए । हाल सोही ठाउँमा भ्यु टावर, स्तुपा, प्रतिक्षालय, शौचालय, किचन, ४ हजार लिटरको पानी टंकी, विजुली बत्ती र जंगली जनावरहरुको लागि प्लाष्टिक पोखरी लगायतका भौतिक संरचनाहरु



निर्माण गरिएकोले क्याम्पिङ गर्न पनि सकिने उनले वताए । पोखरा २२ उल्लेरी गाउँ स्वादिलो काँक्रा उत्पादन हुने गाउँको नामले प्रख्यात रहेको र यहाँका किसानले काँक्रा वेचेर वार्षिक करोडौं आम्दानी गर्दै आएकोमा हाल होमस्टे संचालनको पनि तयारी भइरहको हाल पाहुनालाई खानवस्नको व्यवस्थापन गर्दै आउनु भएका नत्थु गुरुङले वताए ।

पृथ्वीचोक वसपार्कबाट पोखरा-२२, भुम्दि स्थित पैंयु चौतारासम्म नगरवसमा पुगेर पैदल यात्रा सुरु गरिएको सो हाइकिङमा गण्डकी प्रदेश निति तथा योजना आयोगका माननिय सदस्य दिपक भण्डारी, लोक गायक छवि घर्तिमगर र गायिका दिलकुमारी खाँण, पुल्चोक क्लब पोखरा १७ का संस्थापक अध्यक्ष सुरज खवास, ७६ वर्षिय पुर्व प्र.स.नि. यामबहादुर रानाभाट, ट्रेकिङ गाइड नरमाया राना, व्यवसायी, विद्यार्थी, विभिन्न पेशा व्यवसायमा आवद्ध ३२ जनाको सहभागिता रहेको क्लबकी कोषाध्यक्ष टिका आचार्य सुवेदीले वताइन् । उनले क्लबको आजिवन सदस्यको लागि ३ हजार र साधारण सदस्यता लिनको लागि ५ सय लाग्ने पनि सो अवसरमा जानकारी गराएकी थिइन् । हाइकर्स क्लब नेपालले हाल सम्म कास्की, स्याङजा र तनहुँ ३ जिल्ला भित्रका १ महानगरपालिका, ६ गाउँपालिका, ३ नगरपालिकाका सामुदायिक होमस्टेहरु, ऐतिहासिक मठ मन्दिर, पर्यटकिय स्थलहरुको हाइकिङका माध्यमबाट प्रवर्द्धन गर्दै आइरहेको छ ।

# पोखरा कप राष्ट्रिय पुरूष ह्याण्डबल चैत्रमा

पोखरापत्र संवाददाता
पोखरा, २६ फागुन

प्रथम पोखरा कप पुरूष राष्ट्रिय ह्याण्डबल प्रतियोगिता यहि चैत्र ३ गते देखि ५ गते सम्म पोखरामा हुने भएको छ ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजनामा तथा प्रदेश खेलकुद परिषद गण्डकीको सहकार्यमा उक्त प्रतियोगिता हुन लागेको हो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको साढे २ वर्ष पछि उक्त प्रतियोगिता हुन लागेको हो । गण्डकी प्रदेश ह्याण्डबल संघ स्थापनाको एक वर्ष भित्रै उक्त प्रतियोगिता हुने भएको जनाउँदै संघका अध्यक्ष केशव पाठकले सहभागिताका लागि सात प्रदेश र विभागिय टोलीलाई पत्रचार गरिएको जानकारी दिए । “लामो समय पछि हामीले यो प्रतियोगिताको तयारी थालेका हौं । यो प्रतियोगिताले प्रदेश र विभागका खेलाडीहरुलाई समेत उत्साहित बनाउने विश्वास लिएका छौं,” उनले भने ।

पोखरा रंगशालास्थित बहुउद्धेश्यिय कभर्डहल र पोखरा ह्याण्डबल एकेडेमीमा लिगकम नक आउटका आधारमा सञ्चालन हुने प्रतियोगितामा पोखरा ह्याण्डबल कप उपाधि बिजेता टिमले नगद रु १ लाख, उपविजेताले नगद ५० हजार र तेस्रो हुने टिमले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन् ।

त्यस्तै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई नगद ५-५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने छ ।

प्रतियोगिता सम्पन्न गर्न करिव १४ लाख खर्च हुने गण्डकी प्रदेश ह्याण्डबल संघले जनाएको छ । प्रतियोगितालाई कास्की जिल्ला ह्याण्डबल संघले प्राविधिक सहयोग गर्ने छ ।

# म्याग्देमा चिस्यान केन्द्र सञ्चालन

पोखरापत्र संवाददाता
दमौली, २६ फागुन

यहाँको म्याग्दे गाउँपालिका-३ मा चिस्यान केन्द्र सञ्चालनमा ल्याइएको छ ।

स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरुलाई लामो समयसम्म भण्डारण गरी बजारमा उचित मूल्यमा बिक्री गर्ने उद्देश्यले चिस्यान केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो ।

चिस्यान केन्द्र निर्माणका लागि गत वर्षको पुस १ मा पासा कन्स्ट्रक्सनसँग रु एक करोड ४७ लाख चार हजार छ सय ४७मा ठेक्का सम्झौता भएको थियो । दुई तल्ले भवन १९५ दशमलव ८५ वर्ग मिटर क्षेत्रफलमा फैलिएको छ । चिस्यान केन्द्रमा कृषकले उत्पादन गरेका आलु, फलफूल, तरकारीलगायत राखिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । अधिकारीले भन्नुभयो, “कृषिजन्य वस्तु भण्डारणका लागि चिस्यान केन्द्रले सहयोग पुग्नेछ, जसकारण कृषकले उचित मूल्य पाउनेछन् ।” अधिकारीका अनुसार चिस्यान केन्द्रको क्षमता दुई सय मेट्रिक टन रहेको छ । चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य सचिव रुक्मिता घिमिरेले चिस्यान केन्द्रमा भण्डारणका लागि प्रति किलो रु दश शुल्क कायम गरिएको जानकारी दिनुभयो । तर म्याग्दे गाउँपालिकाभित्रका कृषकलाई भने ५० प्रतिशत छुट दिइनेछ । कृषकले कृषिजन्य वस्तु उत्पादन गर्ने तर समयमा विक्री हुन नसक्दा समस्या हुँदै आएकाले अब चिस्यान केन्द्रले सहज हुने गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो ।


## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा गा.वि.स वाङसिङ देउराली वार्ड नं. २ निवासी रण वहादुर रानाभाटको छोरा सोभित बहादुर रानाभाटको निवेदन माग अनुसार निजको नेपाली नागरिकताको प्रमाण-पत्रमा सोभित बहादुर रानाभाट भएको र भारतीय पेन्सन रेकर्डमा सोवीत बहादुर रना भई फरक पर्न गएकोले दुवै नाम थर भएको व्यक्ति एउटै हो भनी भारतीय पेन्सन कार्यालय प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय स्याङ्जाको पत्र संख्याः ०६५/०६६ च.नं. १०५५ मिति २०६५/०६/०२ गतेको पत्रबाट प्रमाणित भएको व्यहोरा जानकारी गराईन्छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला आँधीखोला गाउँपालिका वडा नं. ४ वाङसिङ निवासी भारतीय भु.पु.सैनिक नं. ५८४३७६९ का हवल्दर सोभित बहादुर रानाको श्रीमती शान्ताकुमारीको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर फुलमाया रानाभाट र जन्ममिति २०१९/०३/०३ (ई.सं. १७-०६-१९६२) उल्लेख भएको र निजको पतिको भारतीय सैनिक अभिलेखमा निजको नाम थर शान्ताकुमारी र जन्ममिति ई.सं. २४-०९-१९६२ भई फरक फरक नाम थर र जन्ममिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको पत्र संख्याः ०७५/०७६ च.नं. ११८१ मिति २०७५/०५/०५ गतेको पत्रबाट प्रमाणित भएको व्यहोरा जानकारी गराईन्छ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, आपको रुखबाट पारीडाँडा सडक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : आपको रुखबाट पारीडाँडा सडक स्तरोन्नती
उपभोक्ता समितिको नामः आपको रुखबाट पारीडाँडा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, पहारीडाँडा
योजना सम्झौता मिति : २०८१/०८/२६ गते
योजना सुरु मिति : २०८१/०८/२७ गते
योजना सम्पन्न मिति : २०८१/११/१५ गते
महानगरपालिका (२१) बाट : १०,००,०००/-
जनसहभागिता : १,८०,७५३/४४
योजनाको कुल लागत : ११,८०,७५३/४४

**देव प्रसाद पहारी**
अध्यक्ष
**आपको रुखबाट पारीडाँडा सडक स्तरोन्नती उपभोक्ता समिति**
पोखरा-२१, पहारीडाँडा

# सिस्नो र गुन्द्रुक 'ब्राण्डिङ' गर्दै बागलुङका महिला

**रासस**
बागलुङ, २६ फागुन

जैमिनी नगरपालिका-३ दमेकका महिला डेढ वर्ष अगाडिसम्म घरकै काम धन्दामा सीमित थिए । घाँस, दाउरा र खेतीपाती गरेर जीविका चलाउँदै आएका महिला अहिले उद्यमी बनेका छन् । बारीको कान्लामा खेर गइरहेको सिस्नो र बाँकोलाई आम्दानीको स्रोत बनाएर उनीहरु अहिले आर्थिक रूपमा सवल बनेका छन् ।

जैमिनी नगरपालिकाले एक वर्ष अगाडि दिएको तालिमले अहिले यहाँका ५५० महिला प्रत्यक्ष उद्यमसँग जोडिएका हुन् । रुद्रताल सामाजिक महिला सहकारी संस्थामा आवद्ध महिलाले गाउँमै सिस्नो पाउडर, बाँको गुन्द्रुक, आलु चिप्स बनाएर बिक्री गर्नुका साथै बारीमा सिमी उत्पादन गरेर बजारीकरण गर्दै आएका छन् । सहकारीमा आवद्ध अधिकांशले सिस्नो पाउडर, बाँकोको गुन्द्रुकलाई 'प्याकेजिङ' र ब्राण्डिङ गर्दै आएका छन् ।

स्थानीय स्रोत साधन प्रयोग गरेर महिलालाई उद्यमसँग जोड्न तालिम दिएर र दक्ष बनाएपछि अहिले व्यवसायिक बन्न थालेको रुद्रताल सामाजिक महिला सहकारी संस्थाकी कोषाध्यक्ष तारा पुनले बताउनुभयो । तालिम लिनु पूर्व वनजङ्गल र बारीमा भएका बाँको, सिस्नो खेर गएकामा अहिले प्रशोधन गरेर पैसासँग साट्ने गरेको उहाँको भनाइ छ । तालिमले यहाँका महिलालाई व्यवसायिक बनाएको पुनले बताउनुभयो ।

उहाँले भन्नुभयो, "बाँको त हाम्रो जङ्गलमा जति पनि पाइन्छ, सिस्नोले बारीनै ढाक्छ, पहिले यतिकै खेर गएका ती वस्तुहरु अहिले प्याकेजिङ र ब्राण्डिङ गरेपछि पैसामा बिक्री हुन्छ, सिस्नोका पाउडर बनाउन दुई सातासम्म लाग्छ, गुन्द्रुक १० दिनमै तयार गर्न सकिन्छ ।"

आफूहरुले उत्पादन गरेको सिस्नोको पाउडर, बाँकोको गुन्द्रुक, सिमीलगायतका स्थानीय उत्पादन जापान, हङकङसम्म पुग्ने गरेको उहाँको भनाइ छ । मागअनुसार बजारमा उत्पादन पठाउन सकेको पुनले बताउनुभयो । गत वर्ष रु चार लाखको सिस्नोको पाउडर, रु दुई लाखको गुन्द्रुक र दुई लाखको सिमी बिक्री गरेको उहाँको अनुभव छ । जैमिनी नगरपालिका-३ का अध्यक्ष कृष्ण भुजेलले महिलालाई उद्यमी बनाउन तालिम सञ्चालन गरेपछि स्थानीय उत्पादनको प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ गरी बजारीकरण गर्न थालेको बताउनुभयो । नगरपालिकाले तालिमसहित आलु काट्ने, प्याकेजिङ, लेबलिङ र प्याकेजिङ गर्ने मेसिन उपलब्ध गराएपछि महिला सक्रिय बनेको उहाँको भनाइ छ । महिलाले सुरुमा करिब रु २० लाख लगानीमा प्याकेजिङसहितको मेसिन लिएर उद्योग सञ्चालन गरेका थिए । पछिल्लो समय देश विदेशबाट उनीहरुको उत्पादनको माग बढ्दै गएपछि महिला उद्यमी उत्साहित बन्दै गएका छन् ।

# कागज उद्योगमा रमाउँदै पासाङ

**रासस**
गोरखा, २६ फागुन

भोजपुरको सिलिचोङबाट रोजगारीका लागि ३५ वर्षअघि भौतारिएर हिँड्नुभएका पासाङ निमा शेर्पाले ताप्लेजुङको एक नेपाली हाते कागज उद्योगमा काम पाउनुभयो । घरमा चौंरी पाल्न दुःख भएपछि गाउँ छोडेर जागिरको खोजीमा निस्कनुभएका उहाँलाई के काम पाइन्छ र के गर्ने भन्ने टुङ्गो थिएन ।

हाते कागज उद्योगमा काम छाडेर फेरि कामकै खोजीमा उहाँ बाजुरा पुग्नुभयो । पासाङले बाजुरामा काम त पाउनुभयो तर त्यहाँ पनि हाते कागज उद्योगमै । केही समयमा बाजुरा छोडेर सुर्खेत जानुभएका उहाँ फेरी कागज उद्योगमै पुग्नुभयो । "त्यो उद्योगमा काम जानेको मान्छे अरु रहेनछ, उद्योगले मान्छे खोजी रहेका बेला म पुगेँ, बसेँ भन्यो त्यहाँ पनि डेढवर्ष जति काम गरेँ", विगत सम्झँदै उहाँले भन्नुभयो । २२ वर्षअघि गोरखा र लम्जुङको सिमानामा रहेको चेपेखोलामा आफन्तले चलाएको उद्योगमा आएर छ वर्ष जति काम गरेपछि आफैलाई उद्योग आफै चलाउने हिम्मत आयो ।

करिब पाँच लाख रूपैँया ऋण खोजेर हाते कागज उद्योग चलाउन सुरु गर्नुभयो । "अहिले वार्षिक १५ देखि २० लाखसम्म कारोवार हुन्छ," उहाँले भन्नुभयो, "नियमित पाँच जनालाई रोजगारी दिएको छु, सिजनमा कच्चा पदार्थ (लोक्ता) काढ्ने थुप्रै हुन्छन् ।"

चैत-बैशाखमा सयजना जतिले लोक्ता काढ्ने गरेको उहाँ बताउनुहुन्छ । "पुर्जी बनाएर पठाइदिएपछि धार्चे, चुमनुब्री, अजिरकोटलगायतका क्षेत्रमा सङ्कलन गरिएको लोक्ता मजुदरले उद्योगमा ल्याउछन्, पासाङले भन्नुभयो, "उनीहरुले पनि प्रतिकिलो रु १५० भन्दा बढी बुझेर फर्कन्छन ।"

गोरखा नगरपालिका-६, स्थित नयाँबस्तीमा पासाङले सञ्चालन गर्नुभएको गोरखा मनकामना नेपाली हाते कागज उद्योगबाट उत्पादित नेपाली कागजको बजारमा माग धेरै छ । "धेरैजसो त कागज लिन उद्योगमै आइपुग्छन्, कहिले त पहिले पैसा पठाइदिन्छन् अनि मलाई यति सामान चाहियो भन्छन्, त्यसपछि म यहाँबाट कागज पठाइदिने गरेको छु", पासाङले भन्नुभयो ।

जग्गा भाडामा लिएर उहाँले उद्योग सञ्चालन गर्दै आउनुभएको छ । पासङको उद्योगमा बार्षिक १० देखि २० 'टन' कागज उत्पादन हुने गर्दछ । उत्पादित नेपाली हाते कागज चार किलोको रु तीन हजार ५०० सम्ममा बिक्री हुन्छ । "बजारको मागअनुसार पुऱ्याउन अझै सकेको छैन, पासाङले भन्नुभयो, "कच्चा पदार्थ राम्रो पाइने हुँदा गोरखामा उत्पादित नेपाली कागज अन्य ठाउँको तुलनामा राम्रो र छिटो नगल्ने भएकाले पनि माग बढी भएको हो ।"

पासाङको उद्योगमा अहिले २० देखि ६० ग्राम तौलसम्मका नेपाली कागज उत्पादन हुँदै आएको छ । उद्योग चलाएर उहाँले दुईवटा छोरीलाई पढ्नै लागि विदेश पठाउनु भएको छ । साना तथा घरेलु उद्योगलाई स्थानीय सरकारले पनि सहयोग गरेमा अझै सजिलो हुने उहाँ वताउनुहुन्छ ।

# नगर प्रमुख त्रिपाठीले ऋण लिएर ठेकेदारलाई भुक्तानी

**रासस**
डुम्रे, २६ फागुन

भानु मार्गको काम पछिल्लो समय तीव्र रुपमा अगाडि बढेको छ । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको पहिचानलाई जीवन्त राख्ने उद्देश्यले नामकरण गरिएको सो मार्गको निर्माण कम्पनीलाई भुक्तानी नभएको जनाउँदै पछिल्लो समय काम रोकिएको थियो । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले खेत धितोमा राखेर ठेकेदारलाई भुक्तानी दिएपछि कामले गति लिएको हो ।

नगरवासीले भोग्नुपरेको सास्तीलाई सहज बनाउन रकम अभावले सडक निर्माणमा विलम्ब भएपछि उहाँले खेत धितो राखेर भुक्तानी दिने र जमानी बसेर निर्माणको सामग्री उपलब्ध गराएपछि कामले तीव्रता पाएको छ । "वर्षायाम लाग्ने बेला हुँदासमेत सडक अलपत्र भएपछि यस्तो निर्माण गरेको हुँ, नगरवासीलाई सहज यात्रा गर्ने वातावरण बनाउने दायित्व पूरा गरिरहेको छु", नगर प्रमुख त्रिपाठीले भन्नुभयो ।

काम छिटो पूरा गर्न ठेकेदारलाई निर्माण सामग्री खरिद गर्नको लागि रकम अभाव नहोस् भनेर नगर प्रमुख त्रिपाठीले रकम भुक्तानी दिएको भानु -१३ का वडाध्यक्ष कृष्णबहादुर अधिकारीले बताउनुभयो । उहाँका अनुसार नगर प्रमुख त्रिपाठीले निर्माणको लागि आवश्यक इन्धन जमानी बसेर ठेकेदारलाई उपलब्ध गराउनुभएको छ । ठेकेदारलाई काम गर्न सहज होस् भनेर रु १५ लाख बराबरको सिमेन्टको समेत जमानी लिई व्यवसायीसँग निर्माण सामग्री लगेर काम द्रुत गतिमा काम भइरहेको वडाध्यक्ष अधिकारीले बताउनुभयो ।

"नगर प्रमुखले ऋण लिएर ठेकेदारले रकम दिएसँगै काम तदारुकताका साथ काम भइरहेको छ", उहाँले भन्नुभयो । सरकार प्राप्त हुने भुक्तानी आउन समय लाग्ने भएकाले काम प्रभावित नहोस् भनेर भानु -२ स्थित भानु बचत तथा ऋण सहकारीमा खेत धितो राखेर रु १० लाख ऋण लिएर ठेकेदारलाई भुक्तानी दिएको नगर प्रमुख त्रिपाठीले बताउनुभयो । "रकम अभाव भएमा ठेकेदारले समयमा काम पूरा गर्दैन, वर्षा लागेपछि काम गर्दा प्रभावकारी हुँदैन, समयमा नै काम पूरा गर्नकै लागि ऋण लिएर सहयोग गरेको हुँ", उहाँले भन्नुभयो । भानु नगरपालिका-१ सतीघाटस्थित ६ रोपनी खेत धितो राखेर सहकारीबाटरकमदिएकोत्रिपाठीले स्वीकार्नुभयो । पेटी ठेकेदारको रुपमा काम गर्दै आउनुभएका राजेन्द्र पराजुलीले नगर प्रमुखले ऋण निकालेर सहयोग गरेपछि तीव्र रुपमा काम गरी छिटो सम्पन्न मद्दत गर्नुभएको बताउनुभयो ।

ठेक्का सम्झौता भएको लामो समयसम्म यस मार्गको निर्माण कार्यमा प्रगति हुन नसकेपछि पूर्वाधार विकास कार्यालय तनहुँले काठमाडौँस्थित शङ्करमाली कन्ट्रक्सनसँग तोडिएको ठेक्का पेटीठेकदारकोरुपमाकामगरिरहनुभएका पराजुलीलाई जिम्मा दिइएको हो । पटक-पटक म्याद थप गर्दा समेत सडक कालोपत्रको काममा ढिलासुस्ती भएपछि ठेक्का तोडिएको कार्यालयले जनाएको छ ।

भानु-१३ को चन्द्रावती बजारदेखि पोखरीछाप, ठूल्दुङ्गासम्म दश किलोमिटर सडकखण्डको कालोपत्र ढिलाइ हुँदा सर्वसाधारणले सास्ती भोग्दै आएका छन् । अलपत्र कामलाई तीव्रता दिन पहल ऋण लिएर पूरा गर्न लागिएको हो । उक्त मोटरमार्ग कालोपत्रका लागि पूर्वाधार कार्यालयले रु २३ करोड दुई लाख ८० हजारमा ठेक्का सम्झौता गरेको थियो ।

दश किलोमिटर सडकखण्ड कालोपत्र, नाला निर्माण तथा ग्याविङ जाली भर्नेलगायतका कामका लागि विसं २०७८ माघ १५ गतेभित्र सम्पन्न गर्ने गरी विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । विसं २०४९ मा चन्द्रावतीबाट पोखरीछापसम्म सडकको ट्रयाक खोली सवार ीसाधन सञ्चालन हुँदै आएको छ । बर्सातका समयमा सडक हिलाम्य हुँदा सर्वसाधारणले सास्ती खेप्दै आएका छन् । सडक कालोपत्र गर्ने काममा ढिलासुस्ती हुँदा यस भेगका स्थानीयवासीले सास्ती खेप्दै आएकाले छिटो सम्पन्न गर्न नयाँ ठेकेदारलाई सहयोग गरिएको उहाँले बताउनुभयो । वडाध्यक्ष अधिकारीका अनुसार नयाँ ठेकेदारले जिम्मा लिएपछि हाल करिब ८० प्रतिशत सडक निर्माणको काम पूरा भएको छ ।

चालु आर्थिक वर्षभित्रै काम सम्पन्न गर्ने लक्ष्य लिइएको छ । नगर प्रमुख र वडाध्यक्षले व्यक्तिगत रुपमा रकम उपलब्ध गराइदिएपछि काम गर्न सजिलो भएको ठेकेदार राजेन्द्र पराजुलीले बताउनुभयो । शङ्करमालीले काम गरेको रकम भुक्तानी नदिएपछि रकम अभावले काम प्रभावित हुने जानकारी नगरपालिकामा गराएपछि व्यक्तिगत रुपमा रकम दिएर काम गर्न सहज भएको उहाँले बताउनुभयो ।

मिर्लुङ बहुउद्देश्यीय कृषि फार्मका सञ्चालक कुशलचन्द अधिकारीले सडकको दूरावस्ताले दैनिक उपभोग्य सामग्री बजारसम्म पुऱ्याउन र ल्याउनमै समस्या परिरहेको बेला जनप्रतिनिधिको सहयोगमार्फत सडक निर्माणले गति लिएको बताउनुभयो । उहाँले सडक स्तरोन्नतिको लागि दिनरात खटिएपछि कामले गति लिन थालेको बताउनुभयो । "यस वर्ष पानी पर्दा हिलोमा चिप्लिने र नपर्दा धुलोले हैरान भएको बेला कालोपत्रको कामले गति लिन थालेसँगै स्थानीयवासीमा खुसी छाएको छ", उहाँले भन्नुभयो ।

यस वर्ष समयमा नै सडक निर्माण सम्पन्न भएपछि यस भेगका स्थानीयवासी सहज र सुरक्षित यात्रा गर्न पाउने भएका छन् । लामो समयदेखि सहज यात्रा गर्ने आशामा रहेका स्थानीयवासी कालोपत्रको कामले तीव्रता पाएपछि हर्षित भएका हुन् ।

# संगम सहकारीको नारी दिवसमा अनुहारको छाला परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



संगम बचत तथा ऋण सहकारी संस्था, पोखरा १५ ले आफ्ना सदस्यहरुको अनुहारकोछालापरिक्षणरस्वास्थ्य सचेतना कार्यक्रम गरेर ११५औं अन्तर्राष्ट्रिय नारी दिवस मनाएको छ ।

सहकारीको महिला सशक्तीकरण उपसमितिको अगुवाइ र लहना ट्रेड ओरिफ्लेमको प्राबिधिक सहयोगमा भएको उक्त कार्यक्रममा सौन्दर्यविद सीता केसिले शरीरलाई स्वास्थ राख्न छालाको पनि महत्त्वपूर्ण भुमिका हुने र त्यसमा पनि घाम र धुलो सँग प्रत्यक्ष सम्पर्कमा आउने हुँदा अनुहारको छालामा अझ बिशेष ध्यान दिनुपर्ने बताइन् ।

साथै उनले क्रिम लगाउने समय र तरिका बारेमा पनि जानकारी दिइन् । महिला उपसमिति सदस्य दिलमाया केसि थापाले नारी दिवसको महत्त्व बारेमा बताउदै हरेक नारीले आफ्ना कर्तव्यलाई पनि नबिर्सिकन अधिकारको खोजी गर्नुपर्ने बताइन् । सो अवसरमा सहकारीका अध्यक्ष नब राज तिवारीले सबैलाई शुभकामना दिदै सहकारीमा आवद्ध महिलाहरुले आफ्नो स्वास्थ्यको साथसाथै सहकारीको स्वास्थ्यलाई पनि ध्यान दिएर गर्नुभएको आर्थिक कारोबार प्रति आभार प्रकट गरे । मेसिनद्वारा निशुल्क छाला परिक्षण गरिएको उक्त कार्यक्रमबाट लाभान्वित सहभागीहरुले आगामी दिनहरूमा पनि यस्ता कार्यक्रम ल्याउन आयोजकलाई अनुरोध गरे । सहकारीका संचालक सदस्य एवं महिला उपसमिति संयोजक बिष्णु कुमारी थापाको संचालनमा भएको कार्यक्रममा नयाँ सेयर सदस्य बिनिता थापालाई खादा लगाइ स्वागत गरिएको थियो भने सचिव धनराज पुरी र कर्मचारी लीला कुमारी कार्की पौडेलले पनि बोलेका थिए ।

# मुस्ताङको शीतोष्ण फलफूल बगैँचामा यसवर्ष ढिलो फूल फुल्दा...

**सुन्दरकुमार थकाली**
मुस्ताङ, २६ फागुन

मुस्ताङमा शीतोष्ण फलफूल बगैँचाका बोटमा झपक्कै फूल फुलका छन् ।

घरपझोङ-२ मार्फामा रहेको शीतोष्ण बागवानी विकास केन्द्रका विभिन्न प्रजातिका फलफूल बोटहरु यतिखेर फूल फुलेर सेताम्मे भएका हुन् । विगतका वर्षहरुमा भन्दा यसवर्ष केही हप्ता ढिलो गरी शीतोष्ण फूलहरु फुल्न थालेको हुन् ।

मुख्य रुपमा मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रले शीतोष्ण हावापानीमा उत्पादन हुने फलफूल तथा तरकारीको उत्पादन, बीउ तथा बिरुवा उत्पादन गर्ने कार्य गर्दै आइरहेको छ । जिल्लामा स्याउखेतीको विकास समेत यही केन्द्रले सुरुआत गरेको थियो । मुस्ताङको त्यही केन्द्र हो, जसले यहाँ विभिन्न जातजातका फलफूलको बीउ तथा बिरुवा उत्पादनका साथै फलफूल उत्पादनमा समेत जोड दिइरहेको छ। मुस्ताङका कृषकहरुको आर्थिक विकासमा टेवा पुऱ्याउन र फलफूल तथा तरकारीखेतीको विकास गरी यहाँका किसानको जीवनस्तर सुधार गर्न केन्द्रले दिँदै आइरहेको योगदान अतुलनीय छ ।

वसन्त ऋतुको आगमनको सुरुआतसँगै यहाँका शीतोष्ण फलफूलका बोट झपक्कै फूल फुल्न थालेका हुन् । केन्द्रले उत्पादन गर्ने हाईचिलिङ जात अर्थात् अत्यधिक चिस्यानको आवश्यकता पर्ने कागजी बदाम, आरु, आरुबखडा र खुर्पानीलगायतका फलफूल बोटमा विस्तारै फूल फुलेर मुस्कुराउन थालेका छन् । यसरी बढी मात्रामा अत्यधिक चिस्यान चाहिने फलफूलका बोटमा फूल फुलेर धपक्कै हुँदा केन्द्रमा पुगेर अवलोकन गर्ने पर्यटक मोहित हुने गरेका छन् । तर, यहाँका स्याउ बोटहरुमा चैत्र महिनाको अन्तिम वा वैशाख महिनामा मात्रै फूल फुल्ने क्रम सुरु हुने केन्द्रले जनाएको छ ।

जिल्लाको बागवानी विकास केन्द्र र अन्य किसानले उत्पादन गर्ने यसप्रकारको अधिकांश जातका फूल फुल्ने चरणमा रहेको केन्द्र प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । केन्द्रमा उत्पादन हुने अधिकांश जातहरु हाईचिलिङअर्थात् अत्यधिक चिस्यानको आवश्यकता पर्ने फलफूलहरु रहेको उहाँले भनाइ छ । उहाँले यसप्रकारका हाईचिलिङ जातका फलफूल बोटलाई आठ सयदेखि एक हजार घण्टासम्म चिस्यानको आवश्यक पर्ने बताउँनुभयो । केन्द्रमा उत्पादन हुने मुख्य फलफूल जातहरुमा कागजी बदाम ने प्लस अल्ट्रा जातको फलफूलअन्तर्गत पर्दछ । यी मुख्य फलफूलअन्तर्गत आरु फलफूलमा एक अर्ली रेड जात र अर्को ओराइन जातअन्तर्गत पर्दछ । आरुबखडा, मिथ्ले र सान्तारोजा जातमा पर्छ । खुर्पानी सक्करपारा जातमा पर्दछ। केन्द्र प्रमुख आत्रेयले केन्द्रमा मुख्यगरी पाइने यसप्रकारको जात महत्वपूर्ण जातको रुपमा रहेको जानकारी दिनुभयो। समुद्री सतहदेखि एक हजार आठ सय मिटर उचाइदेखि करिब तीन हजार मिटरसम्मको उच्च भूगोलमा उत्पादन हुने यसप्रकारका फलफूलमा पछिल्लो समय जलवायु परिवर्तनको असरले प्रतिकूल बनाउन थालेको केन्द्र प्रमुख आत्रेयले खलाउनुभयो ।

"जलवायु प्रभावले जमिनको तापमान वृद्धि भइरहेकाले फूल फुल्ने क्रम केही छिटो होकी भन्ने अनुभूति गरेका छौ", केन्द्र प्रमुख आत्रेयले थप्नुभयो, "बर्सेनि मुस्ताङको तल्लो क्षेत्रमा उत्पादन हुने यसप्रकारका फूलफूल जातहरु माथि माथि सर्दै जान थालेको छ ।" उहाँले अनुकूल समयमा एकदुई फेरि आंशिक हिउँ पर्ने र तुषारोका कारण घरपझोङको मार्फा र जोमसोम क्षेत्रमा यसको असर पर्न थालेको बताउनुभयो । केन्द्रले बर्सेनि गुणस्तरीय बिरुवा उत्पादन गर्ने र यसप्रकारका जातलाई प्रशोधित वस्तु तयार गरी बिक्री वितरण गर्ने काम गदैआइरहेको जानकारी दिनुभयो ।

केन्द्रले खुर्पानीको फलबाट प्रशोधित गरी ब्रान्डी, जाम र सुकुटी तयार गर्ने गरेको छ । यसैगरी आरुबखडाको वाइन बनाउने गरिएको छ । आरुको ताजा फल बिक्री गर्ने र कागजी बदामको बिरुवा उत्पादन गर्ने काम केन्द्रले गर्दैआइरहेको केन्द्र प्रमुख आत्रेयले उल्लेख गर्नुभयो ।


## डिभिजन वन कार्यालय
## कास्कीको

### खडा रूख लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२७**

**पोखरा म. न. पा. १६ बाटुलेचौर स्थित श्री विन्ध्यवासिनी मा. वि. (साविक चण्डिका आधारभूत विद्यालय) को हाताभित्र जोखिमयुक्त अवस्थामा रहेका सिसौ, चिलाउने, पैयू र सिमल समेत जातका १०७ वटा खडा रुख (छपान मूल्याङ्कन परिमाण अनुसारको ८२८.०५ घ. फि. काठ र ५.३१ चट्टा दाउरा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा रुखहरु कटान, मुछान, संकलन गरी उठाई लैजानु पर्ने गरी खडा रुख लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ अनुसारको योग्यता पुगेका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।**

**डिभिजनल वन अधिकृत**